# DeKalb County School District
# प्रि-किन्डरगार्टन कार्यक्रमको अनलाइन रजिस्ट्रेसन
# प्राय: सोधिने प्रश्नहरू

## 2020-2021 को Pre-K को अनलाइन चिट्ठाका सहभागीहरू

*यो खण्डले 2020-2021 को अनलाइन चिट्ठा प्रक्रियामा सहभागी भएका र स्थान सुरक्षित गरिएको छ वा प्रतिक्षा सूचीमा नाम राखिएको छ भनी सूचना पाएका आमाबाबु/अभिभावकहरूलाई जानकारी प्रदान दिन्छ। सबैका लागि महत्त्वपूर्ण जानकारी शीर्षक अन्तर्गत रहेको अन्तिम खण्ड पढ्न नबिर्सनुहोस् ।*

### चिट्ठामा मेरो बच्चालाई सिट प्रदान गरिएको छ भने मैले अब के गर्नु पर्छ ?

तपाईंको बच्चालाई चिट्ठामा सिट प्रदान गरिएको छ भने तपाईंको विद्यालयले तपाईंलाई चाँडै नै सम्पर्क गर्नेछ। तपाईंले विद्यालयलाई पठाउनु पर्ने कागजात नबुझिने खालको वा पुरानो भएको छ भने फेरि पठाउनु पर्ने हुन सक्छ। यसका अतिरिक्त, विद्यालयले बाँकी कागजात इमेल मार्फत विद्युतीय माध्यमबाट पठाउन अनुरोध गर्नेछ। अभिभावकलाई चिट्ठापछि र फेरि पनि जून 30 मा बाँकी कागजातको सूची पठाइएको थियो जुन कुरा Pre-K डिस्ट्रिक्टको वेबसाइट www.dekalbschoolsga.org/pre-k मा सजिलैसँग पहुँच गर्न सकिन्छ :

### चिट्ठा प्रक्रियाका दौडान मेरो बच्चालाई प्रतिक्षा सूचीमा राखिएको थियो भने मैले अब के गर्नु पर्छ ?

चिट्ठाबाट छनौट नभएका जुनसुकै विद्यार्थीलाई स्वतः प्रतिक्षा सूचीमा राखिनेछ। प्रणालीले प्रतिक्षा सूचिमा भएका विद्यार्थीहरूलाई संख्यात्मक रूपमा क्रम मिलाएर राख्छ। प्रतिक्षा सूचीमा भएका विद्यार्थीको प्लेसमेन्टको सम्बन्धमा आमाबाबु/अभिभावकलाई सूचित गर्न इमेल पठाइएको थियो। कुनै सिट अस्वीकार गरिएको वा खोसिएको खण्डमा विद्यालयले प्रतिक्षा सूचीमा रहेको अर्को परिवारलाई सूचित गर्नेछ। त्यति बेला, तपाईंले आफ्नो बच्चाको सिट सुरक्षित गर्नका लागि अरू कदमहरू पूरा गर्नु पर्नेछ। विद्यालयले रजिस्ट्रेसन प्रतिनिधिलाई पहिचान गर्नेछ र इमेल मार्फत विद्युतीय रूपमा कसरी कागजातहरू पठाउने भन्ने निर्देशनहरूको साथमा आमाबाबु/अभिभावकलाई सम्पर्क गर्नेछ।

## 2020-2021 को Pre-K को अनलाइन चिट्ठामा सहभागी नभएका नयाँ आवेदकहरू

*यो खण्डले 2020-2021 को अनलाइन चिट्ठा प्रक्रियामा सहभागी हुन नपाएका र/वा स्थानीय विद्यालयमा प्रतिक्षा सूचीको आवेदन दिन नपाएको आमाबाबु/अभिभावकहरूलाई जानकारी प्रदान दिन्छ। सबैका लागि महत्त्वपूर्ण जानकारी शीर्षक अन्तर्गत रहेको अन्तिम खण्ड पढ्न नबिर्सनुहोस् ।*

### मेरो परिवारले चिट्ठामा सहभागीता जनाएको छैन भने म Pre-K को सिटको लागि कसरी आवेदन दिन सक्छु ?

सुरुमा कुनै सिट उपलब्ध छ कि भनेर बुझ्न विद्यालयलाई सम्पर्क गर्नुहोस्। कुनै सिट खुला रहेछ भने, अर्को प्रश्नमा जानुहोस्। कुनै सिट उपलब्ध रहनेछ भने, तपाईं प्रतिक्षा सूचीको आवेदन भर्न सक्नुहुन्छ। तपाईं उक्त आवेदन इमेल मार्फत विद्युतीय रूपमा विद्यालयको रजिस्ट्रेसन प्रतिनिधिलाई पठाउन सक्नु हुनेछ। तपाईंलाई रजिस्ट्रेसन प्रतिनिधि को हो भनेर थाहा छैन भने कृपया विद्यालयमा सम्पर्क गर्नुहोस्। डिस्ट्रिक्टको Pre-K को वेबसाइट पृष्ठको फेदमा भएको "Apply Now (आवेदन दिनुहोस्)" नामको ट्याबमा प्रतिक्षा सूचिको आवेदन भेट्न सकिन्छ। www.dekalbschoolsga.org/pre-k ।

### विद्यालयसँग सिट उपलब्ध छ भने Pre-K का लागि दर्ता गर्न के गर्ने ?

निम्न लिङ्कमा क्लिक गरेर 2020-2021 को नयाँ विद्यार्थी रजिस्ट्रेसनको आवेदन अनलाइनबाट पूरा गर्नुहोस् ।https://www.dekalbschoolsga.org/online-registration/new-students/.

**2020-2021 को नयाँ विद्यार्थी रजिस्ट्रेसनको आवेदन पूरा गरिसकेपछि के हुन्छ ?**
रजिस्ट्रेसन प्रक्रिया पूरा गर्न आवश्यक पर्ने कागजातहरूका सम्बन्धमा तपाईंलाई जानकारी दिन तपाईंको स्थानीय विद्यालयले तपाईंलाई सम्पर्क गर्नेछ ।

**Pre-K का लागि दर्ता गर्ने कुन-कुन कागजातहरू चाहिन्छ ?**
निम्न लिङ्कमा भएको "Lottery Process (चिट्ठा प्रक्रिया)" नामक ट्याबमा क्लिक गरेर आवश्यक सबै कागजातहरूको विस्तृत सूची भेट्न सकिन्छ https://www.dekalbschoolsga.org/pre-k/ ।

## सबैका लागि महत्त्वपूर्ण जानकारी

### मैले विद्यालय सुरु हुनु भन्दा अगाडि स्वास्थ्य खोप फाराम 3231( Health Immunization Form 3231) प्रदान गर्न सकिन भने के हुन्छ ?
DCSD को नीति अनुसार, विद्यालय सुरु भएको वा म्याद समाप्त भएको 30 दिनभित्र बच्चाको फाइलमा उनीहरूको स्वास्थ्य खोप फाराम 3231 राख्नु पर्दछ । कोभिड-19 को महामारीका कारण, कृपया तपाईंले यो कागजात प्राप्त गर्ने वा विद्युतीय रूपमा पठाउन समस्या झेल्नु भयो भने विद्यालयलाई इमेल लेख्नुहोस् । डिस्ट्रिक्टले कोभिड-19 को महामारीलाई नजिकबाट नियाली रहनेछ र DeKalb County Board of Health, Centers for Disease Control and Prevention, र Department of Public Health को निर्देशन अनुसार भविष्यमा निर्णयहरू लिनेछ । विद्यालय पुन खुलेको 30 दिन भित्र फाराम प्रदान गरिएन भने विद्यार्थीलाई त्यसपछि फाराम बिना वा अपोइन्टमेन्टको प्रमाण बिना कक्षामा आउन दिइने छैन । बच्चा अपोइन्टमेन्ट पछि अद्यावधिक फाराम नल्याइ कक्षामा फर्कन पाउने छैनन् । यो फारम पेश नगरेको कारणले बच्चा 10 दिनसम्म लगातार अनुपस्थित भएमा बच्चाको प्रि-किन्डरगार्टनको सिट जफत गरिनेछ।

**मैले विद्यालय सुरु हुनु भन्दा अगाडि सुनाइ, दृष्टि, दाँत र पोषणसम्बन्धी फाराम 3300 (Hearing, Vision, Dental and Nutrition Form 3300 ) प्रदान गर्न सकिन भने के हुन्छ ?** DCSD को नियमअनुसार, स्कूल सुरु भएको 90 दिनभित्र वा दर्ताको अन्तिम मितिभित्र फाइलमा बच्चाको स्वास्थ्य खोप फारम 3231 हुनुपर्दछ। कोभिड-19 को महामारीका कारण, कृपया तपाईंले यो कागजात प्राप्त गर्ने वा विद्युतीय रूपमा पठाउन समस्या झेल्नु भयो भने विद्यालयलाई इमेल लेख्नुहोस् । डिस्ट्रिक्टले कोभिड-19 को महामारीलाई नजिकबाट नियाली रहनेछ र DeKalb County Board of Health, Centers for Disease Control and Prevention, र Department of Public Health को निर्देशन अनुसार भविष्यमा निर्णयहरू लिनेछ । विद्यालय पुन खुलेको 30 दिन भित्र फाराम प्रदान गरिएन भने विद्यार्थी त्यसपछि कक्षामा नफर्किन सक्छन् जसका कारण विद्यार्थीलाई उक्त कार्यक्रमबाट निकालिन सक्छ ।

**के प्रि-किन्डरगार्टन (Pre-K ) का विद्यार्थीहरूका लागि उपस्थितिसम्बन्धी कुनै नीति छ ?**
हो, प्रि-किन्डरगार्टनका विद्यार्थीहरूका लागि उपस्थितिसम्बन्धी एउटा नीति बनाइएको छ । COVID-19 का कारण, केही कुराहरू परिवर्तन गरिएको छ । विद्यार्थीहरू Pre-K को कक्षा हुने समयमा सहभागी हुने छन् भनेर अपेक्षा गरिन्छ । उक्त समयमा 1 घण्टाको अनलाइन शिक्षण हुनेछ र त्यसपछिको समय Pre-K शिक्षकले दिएको घरमा गर्नु पर्ने क्रियाकलापहरू पूरा गरेर बित्नेछ । अपोइन्टमेन्ट वा अरू अनिश्चित घटनाहरूका कारण कक्षा छुटेको दिनमा, पछि कुनै समयमा रेकर्ड गरिएको भर्चुअल कक्षा हेर्न सकिन्छ । विद्यालयहरू पुन: खुले पछि, विद्यार्थीहरू पूरै शैक्षिक सत्रका दौडान पूर्ण शिक्षण दिनका लागि विद्यालयमा उपस्थित हुने छन् भनेर अपेक्षा गरिन्छ । कुनै विद्यार्थी बिना चिकित्सा कारण विद्यालयमा लगातार रूपमा दस दिनसम्म अनुपस्थित भएमा वा ढिलोगरी आएमा, Bright from the Start ले तय गरेको निर्देशिका अनुसार बच्चालाई कक्षाबाट निकालिनेछ । यसका अतिरिक्त, कुनै विद्यार्थी प्राय ढिलो गरेर आउने वा विद्यालयबाट समयभन्दा अगाडि नै जाने गरेको पाइयो भने परामर्शदाता र/वा सामाजिक कार्यकर्ताले आमाबाबु/अभिभावकलाई सम्पर्क गर्ने छन् ।

**Pre-K का आमाबाबु/अभिभावकहरूका लागि सहभागिता कुनै आवश्यकताहरू छन् ?**
हो, आमाबाबु/अभिभावकहरू वर्षको कम्तीमा दुई पटक र आवश्यक परेको घण्टा धेरै पटक आमाबाबु/अभिभावक बैठक तथा सम्मेलनमा सहभागी हुनु हुनेछ भनेर अपेक्षा गरिन्छ। कोभिड-19 को माहामारीका करण, बैठकहरू भर्चुअल रूपमा आयोजना गरिनेछ । विद्यालय र/वा Pre-K शिक्षकले तपाईंलाई बैठक/सम्मेलनहरू हुने समयको बारेमा जानकारी गराउने र भर्चुअल बैठक/सम्मेलनमा जोडिने उपयुक्त लिङ्कहरू प्रदान गर्ने छन् । (विद्यालयहरू पुन: खुले पछि, यी क्रियाकलापहरू लगभग एक घण्टासम्म चल्नेछ )।

**Pre-K का विद्यार्थीहरूले महसुस गर्ने अनलाइन सिकाइको अनुभवको बारेमा व्याख्या गर्नुहोस् ।**
डिस्ट्रिक्टले Pre-K का सबै विद्यार्थीहरूलाई घरमा पूरा गर्नु पर्ने 4 हप्ताका क्रियाकलापहरूको सूची दिनेछ। यी क्रियाकलापहरू प्रविधि प्रयोग नगरी पुरा गर्न सकिन्छ । घरमा गर्नु पर्ने क्रियाकलापहरू प्रत्येक चार हप्तामा जारी गरिन्छ र यसमा अन्वेषण र सिक्नको लागि साक्षरता, गणित/विज्ञान, सामाजिक भाव, चाल/गतिशीलतासम्बन्धी सिकाइका अवधारणहरू हुन्छ । Pre-K का शिक्षकले एउटा लर्निङ लिङ्क प्रदान गर्ने छन्। उक्त लिङ्क जुन सुकै विद्‌युतीय उपकरणबाट पहुँच गर्न मिल्ने हुन्छ ।

**मसँग बारम्बार सोधिने प्रश्नहरूमा नसमेटिएको प्रश्न छ भने मैले कहाँ सम्पर्क गर्न सक्छु ?**
कृपया संकोच नमानी Office of Early Childhood लाई PreKRecords@dekalbschoolsga.org मा सम्पर्क गर्नुहोस्।